**भारतीय राजदूतावास**

**काठमाडौं**

*****

**<u>प्रेस विज्ञप्ति</u>**

भारतीय सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी, पीभीएसएम, एभीएसएमको नेपालका प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग शिष्टाचार भेटवार्ता

जनरल उपेन्द्र द्विवेदीले नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग सिंहदरबारमा शिष्टाचार भेटवार्ता गर्नुभयो । उक्त भेटवार्तामा वहाँसँगै भारतीय राजदूत, भारतीय रक्षा सहचरी तथा प्रतिनिधिमण्डलका अन्य सदस्यहरु सहभागी हुनुहुन्थ्यो । जनरल उपेन्द्र द्विवेदीले आफूले नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्राप्त गर्न पाउनु सौभाग्यको कुरा भएको बताउनुभयो । वहाँले दुवै देश तथा सेनाबीचको उत्कृष्ट द्विपक्षीय सहकार्यलाई थप मजबुत बनाउने विषयमा पनि छलफल गर्नुभयो । भारत र नेपालबीचको व्यापक सैन्य तथा द्विपक्षीय सम्बन्धका बारेमा विचार आदानप्रदान गर्न जनरल उपेन्द्र द्विवेदीले नेपालका माननीय रक्षामन्त्रीसँग पनि शिष्टाचार भेटवार्ता गर्नुभयो । जनरल उपेन्द्र द्विवेदीले हामी सबै मिलेर दुई देशबीचको रक्षा सम्बन्धलाई थप सुदृढ गर्दै नयाँ उचाइमा पुऱ्याउनुपर्ने कुरामा जोड दिनुभयो ।

नेपालका सम्माननीय प्रधानमन्त्रीसँग भेटवार्ता गर्नु अघि भारतीय सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीले शिवपुरीस्थित नेपाली आर्मी कमाण्ड एण्ड स्टाफ कलेजको भ्रमण गर्नुभयो । नेपाली सेनाको सैनिक तालिम महानिर्देशनालयका उपरथी ध्रुवप्रकाश शाह तथा नेपाली सेनाको आर्मी कमाण्ड एण्ड स्टाफ कलेजका कमाण्डेन्टले वहाँलाई न्यानो स्वागत गर्नुभएको थियो । जनरल उपेन्द्र द्विवेदीले आर्मी कमाण्ड एण्ड स्टाफ कलेजका विद्यार्थी अफिसरहरुलाई सम्बोधन गर्नुभएको थियो ।

काठमाडौं, नेपाल

२०८१ मंसीर ७